

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ५५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन २६ गते शुक्रबार ❑ 10 March 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## राष्ट्रपतिमा पौडेल विजयी

**पोखरापत्र संवाददाता**
पोखरा, २५ फागुन



नेपाली कांग्रेसका वरिष्ठ नेता एवं पूर्व सभामुख रामचन्द्र पौडेल राष्ट्रपतिमा निर्वाचित हुनुभएको छ । मुलुकको तेस्रो राष्ट्रपतिका लागि बिहीबार भएको मतदानमा उहाँले आफ्ना प्रतिस्पर्धी नेकपा (एमाले)का उपाध्यक्ष सुवासचन्द्र नेम्वाङलाई पराजित गरी निर्वाचित हुनुभएको हो ।

मतदानमा पौडेलले ३३ हजार आठ सय दुई र नेम्वाङले १५ हजार पाँच सय १८ मतभार प्राप्त गर्नुभएको निर्वाचन आयोगले जनाएको छ। राष्ट्रपतिको निर्वाचन सङ्घीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा) र प्रदेशसभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट हुन्छ । राष्ट्रपति निर्वाचनमा सङ्घीय संसद्तर्फ तीन सय ३२ र प्रदेशसभा सदस्य पाँच सय ५० गरी कूल आठ सय ८२ मतदाता कायम छन् । सङ्घीय सांसदको मतभार ७९ र प्रदेशसभा सदस्यको मतभार ४८ छ । निर्वाचनमा तीन सय १३ सङ्घीय सांसद र पाँच सय १८ प्रदेशसभा सदस्यले मतदान गर्नुभएको थियो । राष्ट्रपति पदको मतदानका लागि आज बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म मतदान भएको थियो । मतदानका लागि नयाँ वानेश्वरस्थित संसद् भवनको ल्होत्से कक्षमा सङ्घीय सांसद र प्रदेशसभा सदस्यका लागि बेग्लाबेग्लै मतदान केन्द्रमा कायम गरिएको थियो। पूर्व सभामुख समेत रहनुभएका पौडेल कांग्रेससहित नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय जनमोर्चा र नेपाल समाजवादी पार्टीको साझा उम्मेदवार हुनुहुन्थ्यो भने अर्का पूर्व सभामुख नेम्वाङलाई एमालेको मात्र साथ थियो ।

संविधानमा नेपालमा एक राष्ट्रपति रहने र राष्ट्रपतिले नेपालको राष्ट्रिय एकताको प्रवर्द्धन गर्ने उल्लेख छ । संविधानको पालना र संरक्षण गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ। नेपालमा विसं २०६२/६३ को आन्दोलनको उपलब्धिका रुपमा मुलुकमा गणतन्त्र स्थापना भएसँगै राष्ट्रपति प्रणालीको अभ्यास सुरु भएको हो । राष्ट्रपतिको पदावधि निर्वाचित भएको मितिले पाँच वर्ष हुने र दुई पटक राष्ट्रपति निर्वाचित भइसकेको व्यक्ति निर्वाचनमा पुनः उम्मेदवार हुन नसक्ने संविधानमा उल्लेख छ।

विसं २००१ मा तनहुँको रिस्तीमा जन्मिनुभएका पौडेल १६ वर्षको उमेरदेखि नै राजनीतिमा लाग्नुभएको थियो । नेपाली कांग्रेसद्वारा सञ्चालित विसं २०१८ को सशस्त्र क्रान्तिमा पौडेलले सहभागिता जनाउनुभएको थियो। पौडेल विसं २०२३ मा सरस्वती क्याम्पसका विद्यार्थी युनियन सभापति निर्वाचित हुनुभएको थियो । विसं २०२७ मा नेपाल विद्यार्थी सङ्घको स्थापनामा पौडेल पनि सहभागी हुनुभएको थियो । विसं २०४० मा पौडेल नेपाली कांग्रेसको केन्द्रीय प्रचार समितिको संयोजक बन्नुभएको थियो । विसं २०४४ मा नेपाली कांग्रेसको केन्द्रीय सदस्य बन्नुभएका पौडेल त्यसयता निरन्तर केन्द्रीय समितिमा रहँदै आउनुभएको थियो । पौडेल २०४८ मा तनहुँ-१ बाट पहिलोपटक प्रतिनिधिसभामा निर्वाचित हुनुभएको थियो । उहाँ यसबीचमा उपप्रधान तथा गृह, स्थानीय विकास, कृषि, सञ्चारमन्त्री भइसक्नुभएको छ । उहाँले सभामुखको जिम्मेवारी पनि निभाउनुभएको छ।

तत्कालीन पार्टी सभापति सुशील कोइरालाको निधनपछि पौडेलले कार्यवाहक सभापतिको जिम्मेवारी निर्वाह गर्नुभएको थियो । नेकपा माओवादी शान्ति प्रक्रियामा आएपछि पौडेल शान्ति सचिवालयको संयोजक पनि बन्नुभएको थियो। पौडेलले त्रिभुवन विश्वविद्यालयबाट नेपालीमा स्नातकोत्तर गर्नुभएको छ। पौडेल गत मङ्सिरमा सम्पन्न प्रतिनिधिसभा सदस्य चुनावमा तनहुँ-१ बाट निर्वाचित हुनुभएको थियो । उहाँ यसअघि विसं २०४८, २०५१, २०५६, २०६४ र २०७० को आम चुनावमा पनि तनहुँबाटै निर्वाचित हुनुभएको थियो ।

## पोखरा र मुस्ताङको पर्यटकीय साझेदारीमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, २५ फागुन

पोखरा र मुस्ताङबीच पर्यटन विकासमा साझेदारी गर्नुपर्नेमा जोड दिइएको छ । मुस्ताङका लागि पर्यटकको मुख्य प्रस्थानविन्दु पोखरा रहेको उल्लेख गर्दै दुई जिल्लाबीचमा व्यावसायिक साझेदारी हुनुपर्ने आवश्यकता औंल्याइएको हो ।

पर्यटन व्यवसायी महिला सङ्घ नेपाल (टेवान) द्वारा मुस्ताङमा आयोजित अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रमका वक्ताहरूले पर्यटकीय रुपमा पोखराबाट मुस्ताङ र मुस्ताङबाट पोखरा एकआपसमा लाभान्वित हुँदै आएको बताउनुभयो । जिल्ला समन्वय समिति मुस्ताङका प्रमुख माया गुरुङले पोखराबाट मुस्ताङ पर्यटकीय रुपमा लाभान्वित बन्दै आएको बताउँदै साझेदारीका माध्यमबाट दुवै स्थानका पर्यटकीय गतिविधि बढाउनुपर्ने बताउनुभयो ।

"मुस्ताङका स्थानीयवासी 'अतिथि देवो भवः' को मन्त्रलाई सदैव आत्मसात गर्दै आएका छन्", उहाँले भन्नुभयो, "प्राकृतिक, धार्मिक एवं सांस्कृतिक रुपमा मुस्ताङ महत्वपूर्ण पर्यटकीय गन्तव्य हो।" पर्यटकीय विकाससँगै मुस्ताङका स्थानीयवासी उत्पादनसँग पनि जोडिने अभियान सुरु गरिएको बताउँदै उहाँले यहाँ उत्पादित अन्न, स्याउलगायत फलफूल आदिको प्रशोधन गर्ने काय पनि सुरु गरिएको बताउनुभयो ।

घरपझोङ गाउँपालिकाका प्रमुख मोहनसिंह लालचनले यस क्षेत्रको पर्यटकीय प्रवर्द्धनका लागि पोखराको सहयोग आवश्यक रहेको बताउनुभयो । प्राकृतिक सौन्दर्यतासँगै धार्मिक एवं सांस्कृतिक रुपमा यहाँको महत्व रहेको बताउँदै उहाँले पर्यटन लक्षित योजनालाई अघि बढाउन लागिएको बताउनुभयो ।

व्यवसायी आनन्दराज मुल्मीले मुस्ताङ गण्डकी प्रदेशको गहना भएको बताउँदै यो धार्मिक पर्यटनको विशिष्ट गन्तव्य रहेको उल्लेख गर्नुभयो । बौद्ध धर्मगुरु पद्मसम्भवले यहीबाट बौद्ध धर्मको प्रचारप्रसार गरी त्यसले विश्वव्यापी स्थान लिए पनि हामीहरूले त्यसको प्रचारप्रसार गर्न नसकेको उहाँले बताउनुभयो । विभिन्न सांस्कृतिक मेला तथा महोत्सव पनि मुस्ताङको मौलिकता भएको भन्दै उहाँले यसको प्रवर्द्धन जरुरी रहेको बताउनुभयो । "मुस्ताङको दीगो पर्यटकीय विकासका लागि यहाँका ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक महत्वका सम्पदा जोगाउनु आवश्यक छ", मुल्मीले भन्नुभयो । पोखरा पर्यटन परिषद्का महासचिव सञ्जयकान्त सिग्देलले पोखरा अन्तराष्ट्रिय विमानस्थल सञ्चालन आइसकेका अवस्थामा मुस्ताङका उत्पादनलाई विश्व बजारमा पुऱ्याउने गरी लाग्नुपर्ने बताउनुभयो । टेवानका अध्यक्ष कमला गिरीले पोखरा र मुस्ताङको पर्यटकीय सम्बन्ध बढाउनकै लागि मुस्ताङमा प्रवर्द्धनात्मक कार्यक्रम ल्याइएको बताउनुभयो । कार्यक्रमकै अवसरमा मुस्ताङका युवा तथा महिला पर्यटन व्यवसायीलाई लक्षित गरी क्षमता अभिवृद्धि एवं डिजिटल मार्केटिङ तालिम आयोजना गरिएको बताउँदै उहाँले यसबाट अधिकतम फाइदा लिन आग्रह गर्नुभयो । मुस्ताङका प्रमुख जिल्ला अधिकारी अनुप केसीले पर्यटनको विकासका

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## जसपाले उपराष्ट्रपतिको उम्मेदवार रामसहायप्रसाद यादवलाई बनाउने

**रासस**
काठमाडौं, २५ फागुन

जनता समाजवादी पार्टी नेपाल, (जसपा) ले रामसहायप्रसाद यादवलाई उपराष्ट्रपतिको उम्मेदवार बनाउने निर्णय गरेको छ।

बिहीबार बसेको पार्टीको केन्द्रीय कार्यकारिणी समितिको बैठकले कार्यकारिणी समिति सदस्य यादवलाई उपराष्ट्रपतिको उम्मेदवार बनाउने निर्णय गरेको कार्यकारिणी सदस्य शिवलाल थापाले जानकारी दिनुभयो । रामसहायप्रसाद यादव गएको मङ्सिर ४ गते भएको प्रतिनिधिसभा चुनावमा बारा जिल्ला निर्वाचन क्षेत्र नम्बर २ बाट निर्वाचित हुनुभएको थियो । सत्ता गठबन्धनमा जसपाले उपराष्ट्रपति पाउने सहमति भएको थियो ।

गठबन्धनको तर्फबाट राष्ट्रपतिमा कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल निर्वाचित हुनुभएको छ । उपराष्ट्रपतिको चुनाव आउँदो चैत ३ गतेका लागि तय गरिएको छ।

## संवैधानिक जिम्मेवारी नै मेरा मार्गनिर्देशक सिद्धान्त रहनेछन्- नवनिर्वाचित राष्ट्रपति पौडेल

**रासस**
काठमाडौं, २५ फागुन

नवनिर्वाचित राष्ट्रपति रामचन्द्र पौडेलले 'राष्ट्रपति-संस्था'ले निर्वाह गर्ने भूमिकाले संविधान र शासन व्यवस्थाको अभ्यास प्रभावित हुनेमा सचेत रही निर्दिष्ट कार्यसम्पादन गर्दा निष्पक्षता, तटस्थता तथा विधिको पालनामा प्रतिबद्ध रहने प्रण गर्नुभएको छ।

राष्ट्रपतिमा निर्वाचित भएपछि उहाँले सबैमा आभार प्रकट गर्दै राष्ट्रपतिका काम, कर्तव्य तथा जिम्मेवारी वहन गर्दा संविधानप्रदत्त मर्यादा तथा संविधानका अक्षर र भावनालाई आत्मसात गरी दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने राष्ट्रिय अभियानमा सरिक हुन सदैव तत्पर रहने प्रतिज्ञा गर्नुभयो ।

उहाँले भन्नुभएको छ, "नेपालको राष्ट्रिय एकताको प्रवर्द्धन, स्वाधीनताको रक्षा, संविधानको पालना र संरक्षण गर्ने संवैधानिक जिम्मेवारी नै मेरा मार्गनिर्देशक सिद्धान्त रहनेछन् ।"

उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको राष्ट्रपतिमा निर्वाचित हुँदै गर्दा २००७ सालको जनक्रान्तिको आरम्भदेखि प्रजातन्त्र स्थापना तथा पुनःस्थापनाका निम्ति भएका विभिन्न आन्दोलन, सङ्घर्ष र अभियानमा ज्यान गुमाउने सबै सपूत शहीदप्रति श्रद्धासुमन अर्पण गर्नुभएको छ । नवनिर्वाचित राष्ट्रपति पौडेलले आफूलाई साझा उम्मेद्वारका रुपमा प्रस्तुत गर्ने र सहयोग गर्ने गठबन्धन दलहरु एवं मतदान गर्नुहुने सबै मतदाताप्रति आभार व्यक्त गर्नुभएको छ।

उहाँले मित्रवत प्रतिस्पर्धामा रहनु भएका पूर्वसभामुख सुवासचन्द्र नेम्वाङ, उहाँको दल तथा मतदातालाई पनि हार्दिक सम्मान गर्नुभएको छ । "मलाई प्रतिनिधिसभा र संविधानसभामा विजयी गराई निरन्तर सेवा गर्ने अवसर दिनुभएकामा तनहुँ जिल्लावासी तथा मतदाताहरूलाई पनि हार्दिक आभारसहित कृतज्ञता ज्ञापन गर्दछु", उहाँले भन्नुभएको छ । "निष्पक्ष निर्वाचन सम्पन्न गराएकामा निर्वाचन आयोग, नेपाल सरकारका सम्बन्धित निकाय, सुरक्षाकर्मी तथा सम्पूर्ण पक्षमा धन्यवाद व्यक्त गर्दछु, सबै शुभेच्छुक तथा सहयोगी मनप्रति धन्यवाद व्यक्त गर्दछु" उहाँले भन्नुभएको छ।

## ब्याजदर घटाउँदै बैंक, प्रिमियम पनि घट्ने

**रासस**
काठमाडौं, २५ फागुन

वाणिज्य बैंकहरुले आगामी चैतमा ब्याजदरमा सामान्य परिवर्तन गर्दै घटाउने भएका छन् ।

बिहीबार बसेको वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरुको छाता संगठन नेपाल बैंकर्स सङ्घको बैठकले आगामी चैतमा कर्जा र निक्षेपको ब्याजदर घटाउने निर्णय गरेको हो।

आगामी चैत १ गतेदेखि निक्षेपमा शुन्य दशमलव चार प्रतिशत र कर्जामा एक प्रतिशत प्रिमियम दर घटाउने निर्णय भएको सङ्घका अध्यक्ष सुनिल केसीले जानकारी दिनुभयो।

उहाँले आफूहरु ऋणको ब्याजदर क्रमशः घटाउनमा केन्द्रित भएको बताउनुभयो। हाल बैंकहरुले आधारदरमा छ प्रतिशतसम्म

**बाँकी अन्तिम पृष्ठमा ▶▶**


**सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।**

◆ सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं ।
◆ सार्वजनिक सम्पत्ति स्याहार संभार गरी सार्वजनिक काममा प्रयोग गरौं ।
◆ सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य हो ।
◆ सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ ।
◆ सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# विभेद अन्त्यका लागि शिक्षा, रोजगार र प्रविधिको खाँचो

**पोखरापत्र संवाददाता**
पोखरा, २५ फागुन

समाजका सवै खाले विभेदको अन्त्य र संवैधानिक अधिकार सुनिश्चितताका लागि शिक्षा, रोजगार र प्रविधि आवश्यक रहेकोमा यहाँ आयोजित एक कार्यक्रमका वक्ताले जोड दिएका छन् ।

११३ औ अन्तराष्ट्रिय नारी दिवसको अवसरमा सामुदायिक वन उपभोक्ता महासंघ कास्कीद्धारा पोखरा महानगरपालिका वडा नं. २३ घाँटी छिनामा आयोजित अन्तरकृया कार्यक्रममा समानताका लागि समृद्धि पहिलो आधार भएकोमा वक्ताहरुको सामुहिक धारणा रहेको थियो ।

सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रीय सदस्य एवम् जिल्ला समन्वय समिति कास्कीका उपप्रमुख सरिता कुमालले कार्यक्रमको उद्घाटन गर्दै संवैधानिक हक अधिकार सुनिश्चितताका लागि महिलाहरु संगठित भएर अघि वढ्नुको विकल्प नभएको बताउनुभयो ।



संविधानले ३३ प्रतिशत महिला सहभागिताको व्यवस्था गरेपनि निर्वाचनमा राजनैतिक पार्टी बीचको गठबन्धनका कारण महिला सहभागितामा कमि आएको बताउँदै उहाँले अवसर पाएमा महिलाले जस्तो सुकै जिम्मेवारी पुरा गर्न सक्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा पोखरा २३ का वडाअध्यक्ष रामकाजी गुरुङले वनको संरक्षण, सम्वर्द्धन गर्दै आएका उपभोक्ताले सहजरुप्मा उपयोगसंगै वन पैदावारको बिक्री वितरण गरेर आयआर्जन गर्ने खालाको निती आवश्यक रहेको बताउनुभयो । महासंघ कास्कीका अध्यक्ष विश्वनाथ लामिछानेको अध्यक्षतामा भएको कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघका केन्द्रीय सदस्य हरिप्रसाद बास्तोला, गण्डकी प्रदेश अध्यक्ष कालिदास सुवेदी, जिल्ला सचिव पार्वती अधिकारी, महानगर अध्यक्ष कमलमणी त्रिपाठी लगायतले महिला अधिकार र वनको भूमिका माथि चर्चा गर्नुभएको थियो ।

"लैगिक समानताको बलियो आधार, श्रृजनात्मक प्रविधिमा महिला पहुँचको विस्तार" नाराका साथ आयोजित कार्यक्रममा उक्त वडाका बिभिन्न २२ वटा सामुदायिक वन समूहको सहभागिता रहेको थियो । सो अवसरमा उपभोक्ताले काठको उपयोगमा परेको कठिनाई एवम् वन्यजन्तुले दिएको दुःखका बारेमा चिन्ता व्यक्त गरेका थिए ।

# एमनेस्टी इन्टरनेसनल पुरुञ्चौर युथ नेटवर्कले मनायो नारी दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, २५ फागुन

एमनेस्टी इन्टरनेसनल पुरुञ्चौर युथ नेटवर्कको आयोजना तथा हरीयाली आमा समुहको सहकार्यमा बुधबार पुरुञ्चौरमा मलाई रातो रङ लगाईदेउ शिर्षकमा विविध कार्यक्रमको आयोजना गरी मनाईएको छ ।

११३औ अन्तर्राष्ट्रिय नारी दिवसको उपलक्ष्यमा आयोजना गरिएको कार्यक्रममा बोल्ने बक्ताहरुले अझैपनि महिला हिंसा अन्त्य नभएको र महिलाहरु समाजमा आँफु खुशी बाच्न नपाएको दुखेसो पोखे । पहिरनका हिसावले पनि महिलाहरु बञ्चित हुनु परेको अधिकांश बक्ताहरुले उल्लेख गरे ।

कार्यक्रममा युथ नेटवर्क का सदस्यहरुले मलाई रातो रङ लगाईदेउ शिर्षकमा विविध प्रस्तुतिहरु देखायका थिय । एउटा महिला श्रीमान बितेकै कारण रातो वस्त्र पहिरन गर्न नहुने भन्ने सामाजिक कुसंस्कारको शिकार भैरहेको सन्धर्भमा गरिएको कार्यक्रममा सहभागी महिलाहरु



भावुक देखिन्थे । कार्यक्रमको प्रस्तुतिहरुले सहभागी महिलाका आखा रसाएका थिए ।

कार्यक्रमको औचित्य र प्रस्तुतिको नेतृत्व नेटवर्क की सदस्य सुनिता अधिकारी ले गरेकी थिईन । कार्यक्रममा सेतो पहिरन लगाउने महिला कसरी रंगीन पहिरन लगाउँदा समाजबाट अपहेलित भयका छन् भन्ने दृष्य देखाईएको थियो।तर कार्यक्रम को उध्येश्य तेस्ता नारी या महिला लाई कुसंस्कार होईन संस्कारिक देखाउने पहिरन मात्रले होईन भन्ने सन्देश दिन मलाई रातो रङ लगाईदेउ शिर्षक मा प्रस्तुति हरु देखाईएको हो ।

कार्यक्रममा पोखरा महानगरपालिका वडा नं. १९का वडा अध्यक्ष पुस्पेन्द्र पाण्डे, वडा सदस्यहरु दुर्गा बस्नेत, सुनिता सुनार, हरियाली आमा समुहकी अध्यक्ष ईन्द्र कुमारी पौडेल, एमनेस्टी इन्टरनेसनल पुरुञ्चौर युथ नेटवर्क की सदस्य सुनिता अधिकारी लगायतले यस प्रकारको कार्यक्रमले समाजमा परिवर्तन हुने अपेक्षा गरेका थिए।कार्यक्रममा बिभिन्न पार्टीका प्रतिनिधि, आमा समुह, टोल बिकाश संस्था, युवा क्लब लगायतका संघ संस्थाको बाक्लो उपस्थिति रहेको थियो ।

# गृहणी महिला हाजिरी जवाफमा कामना जागर आमा समुह प्रथम

**प्रतिक्षा पौडेल/ समिक्षा गौतम**
पोखरा, २५ फागुन

११३ औँ अन्तर ाष्ट्रिय महिला दिवस पोखरामा भब्य रुपमा मनाइएको छ । पोखरा महानगरपालिका सामाजिक विकास महाशाखाको आयोजनामा लेखनाथमा च्याली सहित गृहणी महिलाहरु वीच हाजिरी जवाफ प्रतियोगिता आयोजना गरि दिवस मनाइएको हो ।

पोखरा महानगर २७ तालचोकबाट च्याली सहित पोखरा उद्योग वाणिज्य संघको सभाहलमा पुगेर औपचारिक कार्यक्रममा परिणत भएको थियो ।कार्यक्रममा बोल्दै पोखरा महानगरपालिकाका मेयरधनराजआचार्यलेमहिला पुरुष वीचको असमानता अन्त्य गर्दै समतामुलक समाज निर्माण गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले महिलालाई



कुनै अधिकार नदिएको अवस्थामा महिलाहरुले अधिकार र समान ज्यालाका लागि गरेको आन्दोलनले विश्व ब्यापी रुप लिएर सफल भएको दिवसका रुपमा मनाउन थालिएको बताउनु भयो ।

महिला र पुरुषका वीचमा विभेद हुन नहुने बताउदै एक रथका दुई पाङ्गा भएको उल्लेख गर्दै समानताका लागि साझा रुपमा अगाडि बढनुपर्नेमा जोड दिनुभयो । पोखरामहागनरपालिकाउपप्रमुख मञ्जुदेवी गुरुङले महिलाहरुले अधिकार प्राप्तिका लागि धेरै संघर्ष गर्नु परेको स्मरण गर्नुभयो । उहाँले महिला र पुरुषवीचको असमनतालाई अन्त्य गर्दै समतामुलक समाज निर्माणमा दिवसले भुमिका खेल्ने विश्वास ब्यक्त गर्नुभयो ।

कार्यक्रममा पोखरा महानगर वडा नम्बर २ का अध्यक्ष दिवसमान प्रधानाः, वडा नम्बर १७ का वडाध्यक्ष राधिका शाही योगिले महिलाहरुलाई विभेद नगरी समान अवसर प्रदान गर्नुपर्नेमा जोड दिनुभयो ।

यसैबीच महानगर स्तरीय गृहणी हाजिरी जवाफ प्रतियोगिता पोखरा महानगरपालिका वडा नम्बर १ को कामना जागरण महिला समूह प्रथम, वडा नम्वर १५ को सृजना आमा मार्ग आमा समूह द्वितीय, पोखरा २ को जयमुल आमा समूह तृतीय र पोखरा २४ को कास्की कोट महिला सहकारी र यूनिटि महिला समूहले सान्त्वना स्थान प्राप्त गरे ।

प्रतियोगितामा प्रथम, द्धितिय, तृतिय र सान्त्वनाले क्रमश १५ हजार, १० हजार, ७ हजार र सान्त्वना दुई समुले ५/५ हजार रुपैयाँ प्राप्त गरे । प्रतियोगितामन ७२ समूह सहभागी भएका थिए ।यता च्यालीमा सरस्वती आमा समूह पोखरा ३३ उत्कृष्ट हुदै १० हजार रुपैयाँ प्राप्त गऱ्यो।कार्यक्रममाविजेतालाई पोखरा महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङ, वडा अध्यक्ष राधिका कुमारी शाही योगीले प्रमाणपत्र र नगद प्रदान गर्नुभयो ।

# स्ववियु निर्वाचन आचारसंहिता : पोस्टर टाँस्न नपाइने

**रासस**
काठमाडौं, २५ फागुन

त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले आगामी चैत ५ मा हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनमा प्रचारप्रसार गर्नका लागि रङ्गरोगन र कुनै पनि प्रकारको पोस्टर टाँस्न नपाइने गरी आचारसंहिता जारी गरेको छ ।

त्रिविले जारी गरेको स्ववियु निर्वाचनमा आचारसंहितामा निर्वाचनसम्बन्धी कुनै पनि तुल, फ्लेक्स र पोस्टर टाँस्न नपाइने उल्लेख गरिएको त्रिविका विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयक निर्देशक पशुपति अधिकारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार क्याम्पसको कम्पाउण्ड वालको बाहिरिपट्टी, भित्रपट्टी र क्याम्पस वरिपरि बालपेन्टिङ गर्न र त्रिविका क्याम्पसमा हानी नोक्सानी हुने कुनै प्रकारको प्रचार गर्न पाइने छैन । यस्तै उम्मेदवारले आफ्नो निर्वाचन घोषणापत्र र उम्मेदवारको नामावली एफोर साइजको एकै रङ भएको मात्रै प्रचारप्रसार गर्न पाइनेछ ।

आचारसंहितामा क्याम्पस निर्वाचन समितिमा दर्ता सङ्घ, सङ्गठन, समूह वा स्वतन्त्र उम्मेदवारलाई एउटै मञ्चमा राखी परिचयात्मक कार्यक्रम क्याम्पस निर्वाचन समितिले सञ्चालन गर्ने र उक्त कार्यक्रमका एक अर्काप्रति आपेक्ष वा आरोप लगाइने वाक्य बोल्न नपाइने पनि आचारसंहितामा उल्लेख गरिएको छ । क्याम्पस हाताभित्र माइकबाट कुनै पनि प्रकारको प्रचारप्रसार गर्न नपाइने, विभिन्न माग राखी वा निर्वाचनको विषयलाई लिएर बन्द हड्ताल गर्न नपाइने उल्लेख छ । आचारसंहितामा मतदान हुनुभन्दा ४८ घन्टा अगाडिदेखि निर्वाचनको प्रचारप्रसार गर्न नपाइने उल्लेख छ। निर्वाचन कार्यतालिका अनुसार स्ववियु निर्वाचनका लागि यही फागुन २७ गते बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म समानुपातिक तथा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता गर्दैछन् । गत फागुन १९ गते निर्वाचनका लागि विद्यार्थी सङ्घ सङ्गठन दर्ता भएका छन् ।

आगामी चैत ५ गते बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म देशभरिका त्रिविका ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा हुँदैछ ।

## पोखरा...

लागि उत्पादन, प्रवर्द्धन र बजारीकरण आवश्यक भएको बताउनुभयो । मुस्ताङका मौलिक संस्कार र संस्कृतिको प्रवर्द्धन जरुरी रहेको बताउँदै उहाँले पर्यटकका बसाइ अवधि लम्ब्याउनका लागि पूर्वाधार विकासलाई पनि जोड दिनुपर्ने बताउनुभयो । "मुस्ताङमा हिन्दू तथा बौद्ध दुवै धर्मावलम्बी पर्यटक तान्न सकिने विविधतायुक्त स्थान हो, यसलाई लक्षित गरी प्रवर्द्धनमा जोड दिनु आवश्यक छ", उहाँले भन्नुभयो । घरपझोङ गाउँपालिकाका उपाध्यक्ष जमुना थापाथकालीलेपोखरारमुस्ताङको पर्यटकीय साझेदारीले दुवैलाई अधिकतम फाइदा पुग्ने बताउँदै त्यसका लागि एकआपसमा सहकार्य र समन्वय आवश्यक भएको बताउनुभयो । कार्यक्रम संयोजक शोभा अधिकारी पौडेलले प्रवर्द्धनात्मक कार्यक्रमअन्तर्गत पर्यटन व्यवसायी, सञ्चारकर्मी सहितको टोलीले शुक्रबार नेपाल चीनबीचको कोरला नाका पुगी फर्कने कार्यक्रम रहेको जानकारी गराउनुभयो ।

## ब्याजदर...

प्रिमियम लिने गरेका थिए । अब १ प्रतिशत घटेपछि आधारदरमा ५ प्रतिशतसम्म प्रिमियम दर तोक्नेछन्।

यस्तै, निक्षेपतर्फको साधारण बचतमा न्यूनतम छ प्रतिशतदेखि अधिकतम आठ प्रतिशतसम्म ब्याज दिनेछन् । यसअघि साधारण बचतमा न्यूनतम छ दशमलव ४२ प्रतिशतदेखि अधिकतम आठ दशमलव ४२ प्रतिशतसम्म ब्याजदर तोकिएको थियो ।

मुद्दति निक्षेपको ब्याजदर भने स्थीर राखिएको छ। हाल बैंकहरुले मुद्दती निक्षेपमा ११ प्रतिशत ब्याज दिइरहेका छन् । यस्तैगरी, संस्थागततर्फ नौ प्रतिशत र रेमिट्यान्स मुद्दति खातामा १२ प्रतिशत ब्याजदर तोकिएको छ ।

उद्योगी व्यवसायी तथा निजी क्षेत्रका प्रतिनिधिमूलक सङ्घ संस्थाले तत्काल बैंक तथा वित्तीय संस्थाको ब्याज घटाउनुपर्ने माग गर्दै आएका छन् ।

चौतर्फी दबाब बढेपछि बैंकर्स सङ्घले सामान्य अङ्कले मात्रै ब्याजदर घटाउने निर्णय गरेका हुन् ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति चैत २ गते बिहीबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला :मलद्धारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्धारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म


माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन ०६१-५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।
- जर्ज बार्बर

**सम्पादकीय**

# राष्ट्रपतिमा पौडेल

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राष्ट्रपति पदमा काङ्ग्रेस बरिस्ठ नेता रामचन्द्र पौडेल निर्वाचित भएका छन। नेकपा एमाले उमेदवार सुभाष चन्द्र नेम्वाङलाई पराजित गरेर पौडेल गणतन्त्र नेपालको तेस्रो राष्ट्रपति निर्वाचित भए। राष्ट्रपति र उपराष्ट्रपतिको मतपरिणाम अनुसार पौडेलले ३३ हजार ८ सय २ मतभार प्राप्त गरे। उनका प्रतिस्पर्धी नेम्वाङले १५ हजार ५ सय १८ मतभार प्राप्त गरे। राष्ट्रपति चुनावमा संघीय संसद्तर्फ ३१३ सांसद (२४ हजार ७ सय २७ मतभार) ले मतदान गरेका थिए भने प्रदेशतर्फ ५१८ (२४ हजार ८ सय ६४ मतभार) सांसदले मत दिएका थिए। चुनावी प्रक्रियामा सहभागी भएका सांसदहरुको कूल मतभार ४९ हजार ५ सय ९१ थियो।

राष्ट्रपति निर्वाचित हुनका लागि २६ हजार ३ सय १५ आवश्यक पर्छ। राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनमा संघीय सांसद र प्रदेश सभा सदस्यहरूको हाल कायम रहेको मतभार ५२ हजार ६ सय २८ थियो। मतदानमा अनुपस्थित हुनेमा राप्रपाका १४ जना सांसद रहेका छन्। त्यस्तै नेमकिपाका प्रेम सुवाल पनि मतदानमा सहभागी भएनन्। त्यसैगरी माओवादी सांसद वर्षमान पुन र कांग्रेस सांसद चन्द्र भण्डारी उपचारका लागि चीन र भारतमा रहेका छन्। त्यस्तै एमालेका फरार सांसद लक्ष्मी महतो कोइरी पनि मतदानमा सहभागी भएनन्। प्रदेशतर्फ पनि राप्रपाका २८ र नेमकिपाका ३ सांसद मतदानमा सहभागी भएनन्। त्यस्तै मधेश प्रदेशकी जसपा सांसद विन्दु यादव अनुस्थित थिइन्।

देशको कार्यकारी प्रमुख प्रधानमन्त्री बन्नेछ ईच्छा राखेका पौडेल संबैधानिक राष्ट्रपति बन्न माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्डले नेकपा एमालेसँगको गठबन्धन तोडेकोले संभव भएको हो। दुई महिनामै एमाले, माओवादी केन्द्र, रास्वपा, राप्रपा लगायत सात दलीय गठबन्धन भत्केर काङ्ग्रेस नेतृत्वमा १० दलीय गठबन्धन बन्दा पौडेल देशको अभिभावक बन्न पुगेका छन। २००१ साल असोज २९ गते तनहुँको ब्यासमा जन्मेका पौडेल आफ्नो ६३ वर्षे सक्रिय राजनीतक यात्रा पार गर्दै अब राष्ट्रप्रमुख बनेका छन्। कांग्रेस पार्टीबाट छ दशक अनवरत प्रजातान्त्रिक आन्दोलनमा संलग्न रहेका पौडेल अब संबैधानिक राष्ट्रप्रमुखको रुपमा सबैको साझा भएर काम गर्ने जिम्मेवारीमा आइपुगेका छन्। पौडेल ६ पटक सांसद, ५ पटक मन्त्री र एकपटक प्रतिनिधिसभाको सभामुख बनेका छन। २०६६ सालमा प्रधानमन्त्री बन्नका लागि संसदमा १७ पटकसम्म चुनावी प्रतिस्पर्धामा भाग लिएपनि जित हासिल गर्न नसकेका पौडेल नौ दलीय सत्ता गठबन्धनले साझा उम्मेदवार बनाएपछि पहिलो प्रयासमै राष्ट्रपति बन्न सफल भए।

नवनिर्वाचित राष्ट्रपति पौडेल २०१६ सालमा हिमालयन छात्र संघको सदस्य बनेका थिए। २०१७ सालमा राजाले संसद् भङ्ग गरी वीपीलाई जेल हालेको विरोधमा उनी प्रजातान्त्रिक आन्दोलनमा सहभागी भए। त्यसपछि सक्रिय राजनीतमा अघि बढे। २०२७ सालमा नेविसंघको संस्थापक सदस्य बनेका पौडेल २०३४ सालबाट आफ्नै जिल्ला तनहुँबाट जिल्ला सदस्य भएर मूल पार्टी नेपाली कांग्रेसमा सक्रिय भए। २०४३ सालमा केन्द्रीय सदस्य एवम् प्रचार विभाग प्रमुख हुँदै निरन्तर केन्द्रीय सदस्य रहेका पौडेल २०६२ सालमा केन्द्रीय महामन्त्री, २०६४ सालमा केन्द्रीय उपसभापति, २०७२ सालमा कार्यवाहक सभापति बने।

२०४८ सालपछि भएका ७ वटा संसदीय चुनावमध्ये २०७४ सालको बाहेक अन्य सबै निर्वाचतमा उनले तनहुँबाट जित हात पारेका थिए। २०५१ सालमा प्रतिनिधि सभाको सभामुख बनेका पौडेल २०६५ मा कांग्रेस संसदीय दलको नेता बने र विपक्षी दलको नेताको भूमिका निर्वाह गरे। २०४८ सालमा पहिलोपटक स्थानीय विकास मन्त्री बनेका पौडेल, २०४९ सालमा कृषिमन्त्री, २०५६ सालमा उपप्रधानमन्त्रीसहित सूचना/सञ्चारमन्त्री, स्थानीय विकास र गृहमन्त्री बने। २०६३ माओवादी शान्तिप्रक्रियामा आएपछि उनी शान्ति तथा पुनःनिर्माण मन्त्री बने। प्रजातान्त्रिक आन्दोलनका क्रममा पटक-पटक गिरफ्तार र १५ वर्ष जेल जीवन बिताएका पौडेलको काँधमा संविधानको संरक्षक भएर राष्ट्रको अभिभावकत्व गर्ने जिम्मेवारी आइपुगेको छ। राष्ट्रपति निर्वाचित पौडेललाई बधाई तथा सफल कार्यकालको शुभकामना!

# संस्थापक उपाध्यक्ष घायलसँग चपस कास्कीको साक्षत्कार

पोखरापत्र संवाददाता
पोखरा, २५ फागुन




चलचित्र पत्रकार संघ नेपाल कास्कीका संस्थापक उपाध्यक्ष नविन घायलसँग संघको वर्तमान कार्यसमितिले साक्षत्कार गरेको छ। पोखराको सभागृह स्थित सरुमा चुल्होमा आयोजना गरिएको साक्षत्कार कार्यक्रममा घायललाई सम्मान समेत गरिएको हो।

चलचित्र पत्रकार संघ कास्कीको स्थापनामा महत्वपूर्ण भूमिका खेलेको भन्दै संघले उनलाई दोसल्ला, प्रमाणपत्र र माला सहित सम्मान गरेको हो। सम्मानित हुँदै घायलले आफ्नो अनुभव साटेका छन्। उनले संघको स्थापनाकालमा आफुहरुले गरेका दुखलाई साटे। तत्कालिन समयमा पोखरामा हुने चलचित्र सम्बन्धि गतिविधिका विषयमा नछुटाई लेख्ने पत्रकारमध्ये पर्छन् घायल। सिनेमाका विषयमा लेख्दा लेख्दै अभिनयमा समेत उनको सक्रियता बढ्दै गयो। तत्कालिन समय बनेका नेपाली चलचित्रमा उनको भूमिका जोडिन्थ्यो। घायल हाल अष्ट्रेलियामा बस्दै आएका छन्। घरदेश छाडेर परदेश गएपछि पनि चलचित्र सम्बन्धि गतिविधिमा उनको सक्रियता पाइन्छ। अष्ट्रेलियामा समेत नेपाली चलचित्र विषयमा विविध कार्यक्रमको आयोजना गर्ने गरेका छन्। चलचित्र पत्रकारिता र नेपाली चलचित्र क्षेत्रप्रतिको माया आफुलाई अझै पनि लाग्ने गरेको अभिव्यक्ति उनको छ। चपस कास्कीको संस्थापक उपाध्यक्ष भएर आफुले गरेका कामहरुले नै सफलता दिलाएको अनुभुति उनी सुनाउँछन्। चपस कास्कीले गर्ने हरेक कार्यक्रममा आफ्नो सहयोग रहने प्रतिबद्धता उनको छ। संघका संस्थापक अध्यक्ष श्रीराम सिग्देलले चलचित्र पत्रकार संघ कास्कीको स्थापना कालमा नविन घायलको सक्रियताले आफुलाई सहयोग मिलेको बताए। संस्थापक पदाधिकारी र सदस्यहरुलाई चपस कास्कीको वर्तमान कार्यसमितिले गरेको सम्मान सह्रानिय भएको भनाई उनको छ। घायलको सफलतामा चपस कास्कीको भूमिका पनि महत्वपूर्ण भएको उल्लेख उनले गरे। संघका निवर्तमान अध्यक्ष अरुण गिरीले संघका अग्रजसँग साक्षत्कार कार्यक्रम गरी चपस कास्कीले राम्रो कार्य गरेको बताए। यसले संस्थापक पदाधिकारी र सदस्यहरुलाई पनि संघ प्रति अपनत्व हुने विश्वास उनको छ। संघका अध्यक्ष प्रभु अधिकारीले चपस कास्कीलाई आजको दिनसम्म ल्याउन महत्वपूर्ण भूमिका खेल्ने संस्थापक उपाध्यक्ष नविन घायललाई सम्मान गर्न पाउँदा खुशी लागेको बताए। संस्थापक पदाधिकारी र सदस्यहरुको साथ मिल्नेमा उनी विश्वस्त छन्। आफ्नै परिवारका अग्रजसँग साक्षत्कार गर्ने कार्यक्रमलाई आगामी दिनमा निरन्तरता दिने भनाई उनको छ।

कार्यक्रममा संस्थाका सल्लाहकार सुरेश रानाभाट, संस्थाका शुभचिन्तक सोभित बस्यालले नविन घायललाई सम्मान गरेर चपस कास्कीले संस्थाको मर्यादालाई माथि उठाएको बताए। चलचित्र पत्रकारितामा कलम चलाएर तत्कालिन समयमा चलचित्र सम्बन्धि गतिविधिलाई चलायमान बनाउन संस्थाका अध्यक्ष श्रीराम सिग्देल र उपाध्यक्ष नविन घायलको भूमिका उल्लेखनिय रहेको भनाई उनीहरुको छ। अध्यक्ष प्रभु अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन सचिव सन्तोष बस्यालले गरेका थिए।

# चौतारो निर्माणमा जुटे दिदीबहिनी

पोखरापत्र संवाददाता
तनहुँ, २५ फागुन

तनहुँको म्याग्दे गाउँपालिका-१ स्थित गुणादीमा रहेको मिलीजुली दिदीबहिनी समूहको सक्रियतामा व्यवस्थित चौतारो निर्माण गर्न लागिएको छ।

गाउँघरतीर मेलापात, घाँस, दाउरा, गोठालो गर्दा थकाइ मार्ने र गर्मी समयमा शीतलता लिने चौतारा पछिल्लो समय नासिँदै जान थालेपछि संरक्षण गर्न जुटेका हुन्।

विकास निर्माणका क्रममा बाटो र सडक छेउमा रहेका चौतारा ढालिने हुँदा यस्ता सम्पदाको अस्तित्व सङ्कटमा पर्दै गएकाले संरक्षणमा जुटेको समूहकी अध्यक्ष हिमा पौडेल खनालले जानकारी दिनुभयो।

नारी दिवसको अवसर पारेर बुधबार ज्येष्ठ नागरिक देवीलाल खनालले चौतारो निर्माणको शिलान्यास गर्नुभयो। पुर्ख्यौली सम्पदाका रुपमा रहेको पाटी, पौवा, कुवा र चौतारोलगायतका उचित संरक्षणको अभावमा हराउँदै जान थालेकाले यसको संरक्षण गर्न कस्सिएको पौडेलको भनाइ छ। भावि पुस्तालाई पाटी, पौवा, कुवा र चौतारालगायतका विषयमा चिनाउन र जानकारी गराउन पनि कठिनाइ हुने खतरा देखिएको समूहका दिदीबहिनी एकजुट भएर अघि बढेको उहाँले स्पष्ट पार्नुभयो।

"म्याग्दे गाउँपालिकाबाट रु दुई लाख ६५ हजार र दिदीबहिनी समूहबाट रु एक लाख ७७ हजार गरी कूल रु चार लाख ४२ हजारको लागतमा निर्माण गर्न लागेको हौं", पौडेलले भन्नुभयो। चौतारो संरक्षण, रेखदेख तथा सरसफाइ आलोपालो गर्ने सहमति भएको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १६ सगरमाथा आदर्श समाज सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

योजनाको नाम: सगरमाथा आदर्श समाज सडक निर्माण
स्थान: पोखरा-१६ लामाचौर, सगरमाथा टोल
योजना सम्भौता मिति : २०७९/०९/२२ गते
योजना सुरु भएको मिति : २०७९/०९/२७ गते
योजना सम्पन्न हुने मिति: २०८०/०१/१५ गते
योजना सम्पन्न भएको मिति: २०७९/११/१९ गते
योजनाको कुल लागत : रु. २२,२२,५१९.७५।-
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.२०,००,०००।-
जन सहभागितावाट : रु.२,२२,२२२.२२।-
उपभोक्ता समिति अध्यक्ष: महाप्रसाद गुरुङ
सम्पर्क: ९८०६६५६०६२
उपाध्यक्ष: याम बहादुर गुरुङ सचिव: विष्णुकुमारी रानामगर
कोषाध्यक्ष: दिल बहादुर गुरुङ

**सगरमाथा आदर्श समाज सडक निर्माण उपभोक्ता समिति पोखरा-१६, लामाचौर**


# भित्तेपात्रो प्रकाशन गर्न पञ्चाङ्ग निर्णायक समितिको स्वीकृति लिनुपर्ने

रासस
काठमाडौं, २५ फागुन

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले भित्तेपात्रो प्रकाशन गर्नुअघि अनिवार्यरुपमा स्वीकृति लिन सार्वजनिक सूचनामार्फत आग्रह गरेको छ।

स्वीकृति नलिइ प्रकाशित हुने भित्तेपात्रोलाई समितिको गठन आदेश २०७७ बमोजिम कानुनी कारबाही गरिने भएकाले अनिवार्यरुपमा स्वीकृति लिन आग्रह गरिएको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले राससलाई जानकारी दिनुभयो। मन्त्रिपरिषद्ले विसं २०७७ पुस २० गते समितिको गठन आदेश स्वीकृत गर्दै पात्रो र भित्तेपात्रो प्रकाशन गर्नुअघि समितिको स्वीकृति लिनुपर्ने व्यवस्था गरेको हो। स्वीकृति नलिइ प्रकाशन हुने भित्तेपात्रोले तिथिमिति, चाडपर्वलगायत विषयमा आफूखुसी व्यहोरा उल्लेख गरी समाजमा भ्रम पैदा गर्ने गरेकाले यस्तो व्यवस्था गरिएको समितिले जनाएको छ। विसं २०७९ मा स्वीकृति नलिएको पात्रो र भित्तेपात्रोलाई पनि यस वर्षदेखि अनिवार्यरुपमा स्वीकृति लिन समितिले आग्रह गरेकाले यस वर्षदेखि भने स्वीकृति नलिने पात्रो र भित्तेपात्रोका सञ्चालकलाई कार्यविधि बनाएर नै कारबाही गर्ने तयारी समितिले गरेको अध्यक्ष प्रा श्रीकृष्ण अधिकारीले बताउनुभयो।

सामुदायिक कामका लागि प्रकाशन गरिने भित्तेपात्रोले भने स्वीकृतिका लागि रु दुई हजारको रसिद काटेर स्वीकृति लिनसक्ने भएका छन्। विद्यालय, क्याम्पस, सामुदायिक प्रहरी, सामुदायिक अस्पताललगायत सामुदायिक काम गर्ने संस्थाले रु दुई हजारको रसिद काट्नुपर्ने उहाँले बताउनुभयो। भित्तेपात्रो स्वीकृतिका लागि अनलाइनबाट फाराम भरेर इसेवामार्फत शुल्क तिरी स्वीकृति लिन सकिने व्यवस्था गरिएको छ। व्यापारिक प्रयोजनका भित्तेपात्रोले रु १० हजार, व्यापारिक प्रयोजन नभए मूल्य नराखी प्रकाशन गरिने अन्य भित्तेपात्रोले भने रु पाँच हजारको रसिद काट्नुपर्ने व्यवस्था समितिले गरेको छ।


## नेपाल सरकार
## स्वास्थ्य मन्त्रालय
## पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान
## पश्चिमाञ्चल क्षेत्रीय अस्पताल
## गण्डकी प्रदेश, नेपाल

## दररेट पेश गर्ने सम्बन्धमा

**सूचना प्रकाशन मिति २०७९/११/२६**

यस पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पोखरामा बढेको बिरामी संख्याको आधारमा ल्याब परीक्षणमा Automatic Urine Analyzer Machine मार्फत Urine Analysis सम्बन्धी सेवा संचालन गर्ने निर्णय भएकोमा यस प्रतिष्ठानको website मा राखिएको स्पेसिफिकेशन बमोजिमको मेशिनमा प्रयोग हुने रिएजेण्टहरु तल उल्लेखित शर्तहरुको आधारमा के कति दररेटमा उपलब्ध गराउन सकिन्छ पत्रको मितिले ७ दिनभित्र फर्म दर्ता सम्बन्धी कागजात सहित प्रति ईकाई दररेट उल्लेख गरि सिलबन्दी खाममा राखि कार्यालय समय भित्र यस प्रतिष्ठानमा दर्ता गराउनुहुन सूचित गरिन्छ।

**शर्तहरु :**

१. स्पेशिफिकेशन अनुसारको मेशिन निःशुल्क रुपमा उपलब्ध गराउनु पर्ने छ।
२. आवश्यक मेशिनरी समान दररेट स्विकृत भएको मितिले ६० दिनभित्र उपलब्ध गराई सक्नुपर्ने छ।
३. नमूना परीक्षणको अनुपातमा खर्च हुने रिएजेण्टहरुको लागत अनुमानको आधारमा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खरिद प्रकृया अगाडि बढाईने छ।
४. पेश गरिएको दररेटमा न्यूनतम २ बर्षसम्म प्रतिष्ठानको लागि आवश्यक रिएजेण्ट उपलब्ध गराउनु पर्नेछ।
५. मेशिन उपलब्ध गराउँदा उल्लेख गरिएको दररेटमा कम्तिमा १००० नमूना परीक्षण हुने रिएजेण्ट समेत उपलब्ध गराउनु पर्ने छ।
६. पेश भएको दररेट स्विकृत गर्ने वा नगर्ने सम्बन्धी निर्णय प्रतिष्ठानमा निहित रहने छ।

निर्देशक


## नामथर र जन्ममिति फरक परेतापनि व्यक्ति एउटै भएको सूचना



स्याङ्जा जिल्ल फेदीखोला गाउँपालिका वडा नं. ०३ निवासी भारतीय भू.पू.सै.नं. ५२४४५९४ Y टेकबहादुर थापाको श्रीमती जौ माया सार्की थापाको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम थर जौ माया सार्कि थापा र जन्ममिति २०२४/०६/२५ भएको साथै निजको भारतीय सैनिक अभिलेखमा श्रीमतीको नामथर जग माया थापा र जन्ममिति (20 Apr 1968 A.D) उल्लेख भई फरक-फरक अभिलेखमा फरक-फरक नामथर जन्ममिति भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त गाउँपालिका ०३ नं. वडा कार्यालयको च.नं. ६३४, मिति २०७९।११।२१ को पत्रबाट लेखी आएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : मन चन्चल |


**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखात,माटो हेर्नका लागि सम्झनुहोस्।

# ढोरपाटन पुगे नौ हजार पर्यटक

**पोखरापत्र संवाददाता**
बागलुङ, २५ फागुन

यस वर्ष नौ हजार पर्यटक ढोरपाटन पुगिसकेका छन् । पर्यटकीय गन्तव्य ढोरपाटन घुम्न आउने पर्यटकको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ। चालु आर्थिक वर्ष २०७९/८० को फागुन तेस्रो सातासम्म नौ हजारभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटक ढोरपाटन भ्रमणमा आइसकेको ढोरपाटन शिकार आरक्षका सूचना अधिकारी मन्दिप पङ्गेनीले जानकारी दिनुभयो । नेपालको एकमात्र शिकार आरक्ष क्षेत्र अवलोकनका लागि आउने विदेशी तथा स्वदेशी पर्यटकको सङ्ख्यामा बर्सेनि वृद्धि हुँदै गएको छ । ढोरपाटन क्षेत्रमा बर्सेनि पर्यटकको सङ्ख्यामा वृद्धि हुँदा शिकार आरक्ष कार्यालयको राजस्वमा समेत उल्लेख्य वृद्धि भएको हो । ढोरपाटन शिकार आरक्षले विदेशी तथा नेपाली पर्यटकको आगमनको तथ्याङ्कलाई व्यवस्थित गर्दैगएको छ । गत आवमा छ हजार बढी जनाले ढोरपाटनको अवलोकन गरेकामा चालु आवको अन्त्यसम्म त्यो सङ्ख्या बढेर दोब्बर पुग्ने देखिएको छ। ढोरपाटन शिकार आरक्षको तथ्याङ्कअनुसार आरक्ष अवलोकनका लागि आउने पर्यटकको सङ्ख्यामा वृद्धि भएको छ । कुनै दिन ढोरपाटनमा शिकार खेल्न मात्रै पर्यटक आउने गरेकामा पछिल्लो समय शिकार आरक्ष क्षेत्र अवलोकन, ढोरपाटन उपत्यका, निशेलढोर र ढोर वराम मन्दिर अवलोकनका लागिसमेत पर्यटक आउने गरेका छन् । विदेशी शिकारी शिकार खेल्नका लागि हेलिकप्टरमार्फत सोझै आरक्ष क्षेत्रमा पुग्ने गरे पनि सडकको पहुँच, होटल सुविधा तथा प्रचारप्रसारसँगै आन्तरिक तथा बाह्य पर्यटक घुम्नका लागिसमेत त्यहाँ पुग्न थालेका छन् । वैधानिकरुपमा नाउर र झारलको शिकार खेल्न पाइने आरक्ष क्षेत्र प्रवेशमा नेपाली र बाह्य पर्यटकले प्रवेश शुल्क तिर्नुपर्छ । सूचना अधिकारी पङ्गेनीका अनुसार आरक्षमा पुग्ने विदेशी पर्यटकको मात्रै तथ्याङ्क राख्दै आएकामा दुई वर्षदेखि आन्तरिक पर्यटकको पनि तथ्याङ्क राख्न थालिएको छ । विदेशी पर्यटकलाई प्रवेश शुल्क नियमअनुसार छ भने नेपालीलाई प्रतिव्यक्ति रु एक सय छ । आव २०७७/७८ मा छ हजार सात सय तीन स्वदेशी र विदेशी पर्यटक आरक्ष क्षेत्रमा आएका थिए भने चालु आव २०७८/७९ मा नौ हजार नौ सय १९ पर्यटक शिकार आरक्ष क्षेत्रमा आइसकेका छन् । यो वर्ष १२ हजारको हाराहारीमा पर्यटक पुग्ने पङ्गेनी बताउनुहुन्छ । ढोरपाटन प्रवेशस्थल देउरालीमा यसअघि बाह्य पर्यटकले शुल्क तिरेर प्रवेश पाउने गरेकामा आव २०७७/७८ आन्तरिक पर्यटकले समेत रु एक सय प्रवेश शुल्क तिर्ने प्रावधान बनाइएको छ । आव २०७२/७३ मा ९१, आव २०७३/७४ मा एक सय ३९, आव २०७४/७५ मा एक सय १९, आव २०७५/७६ मा चार सय ८० तथा आव २०७६/७७ मा तीन सय २० विदेशी पर्यटक यहाँ घुम्न आएका थिए । यस्तै ढोरपाटन आउने पर्यटकसँगै राजस्वमा समेत उल्लेख्य वृद्धि भएको छ । आरक्षको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७०/७१ मा रु चार लाख १० हजार, आव २०७६/७७ मा रु छ लाख ६८ हजार, आव २०७७/७८ मा रु २० लाख २२ हजार तथा चालु आवको हालसम्ममा रु २२ लाख १९ हजार राजस्व सङ्कलन गरेको छ । राजस्व वन्यजन्तु विभागमा जम्मा हुने आरक्षले जनाएको छ । ढोपाटनमा शिकार खेल्न, ढोरपाटन उपत्यका भ्रमण गर्न, प्रसिद्ध ढोरबाह्री मन्दिर दर्शन गर्न र शिकार आरक्ष कार्यालयको अवलोकनका लागि पर्यटक त्यहाँ पुग्ने गरेका छन् । यहाँ नाउर र झारलको वैधानिक शिकार खेल्न पाइन्छ । बागलुङ, म्याग्दी र पूर्वी रुकुमसम्म फैलिएको आरक्षको मुख्य कार्यालय बागलुङको ढोरपाटन उपत्यकामा पर्दछ । यहाँ होटल तथा घरबास सञ्चालनमा छन् । शिकार खेल्न विदेशी पर्यटक सोझै हेलिकप्टरमार्फत हिमाली क्षेत्रमा पुग्ने गरेका छन् । ढोरपाटनमा पछिल्लो समय घोडा सफारी र होटल व्यवसायसमेत फस्टाउँदै गएको छ।

# अर्लि मन्टेश्वरीमा मनिपालको निःशुल्क आँखा शिविर

**रन्जिता आचार्य**
पोखरा, २५ फागुन




अर्लि मन्टेश्वरीमा आँखा शिविर भएको छ। मनिपाल शिक्षण अस्पताल पोखराको प्राविधिक सहयोगमा छात्रछात्राको आखाँको निःशुल्क स्वास्थ्य परिक्षण गरिएको हो। पोखरा-५ मालेपाटनमा रहेको मन्टेश्वरीमा ५६ छात्र र ६५ छात्रा गरि कूल १ सय २१ जना छात्रछात्राले आखाँको स्वास्थ्य परिक्षण गराएका छन् । मनिपाल शिक्षण अस्पतालको सामुदायिक कर्तव्य अन्तरगत मन्टेश्वरीमा आखाँ शिविर गरिएको हो । अस्पतालको सामुदायिक कर्तव्य अन्तरगत स्वास्थ्य शिविर गरिएको अस्पतालका सहायक बजार व्यवस्थापक खिम बहादुर लामिछानेले बताए । शिविरमा ५ जना विद्यार्थीको आखाँमा जटिल समस्या देखिए पछि अस्पताल रिफर गरिएको लामिछनेले जानकारी दिए । अस्पतालले वर्षमा सय स्वास्थ्य क्याप गर्ने लक्ष्य राखेको र सोही अन्तरगत अर्लि मन्टेश्वरीमा सातै आखाँ शिविर सञ्चालन गरिएको उनले बताए । मनिपालको आखाँ शिविरले बच्चाहरुको आखाँको दिर्घकालिन समस्या हुन बाट जोगाएको मन्टेश्वरीकी पिन्सीपल राधा गौतमले बताइन् ।

# संगममा कानुनी सचेतना

**रन्जिता आचार्य**
पोखरा, २५ फागुन



संगम सहकारी पोखरा १५ ले ११३ औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा कानुनी सचेतना कार्यक्रम गरेको छ। स्यानीपाटनको सामुदायिक भवनमा महिलाहरुलाई लक्षित गरि बिस्तारित मंच सहितको कार्यक्रम आयोजना गरिएको हो। महिला उपसमितिको आयोजनामा भएको कार्यक्रममा प्रमुख वक्ता संस्थाका कानुनी सल्लाहकार समेत रहनु भएका उच्च अदालत वार एसोसिएसन पोखराका पुर्व अध्यक्ष अधिवक्ता दयाराम गौतमले नेपालको कानुनले महिला र पुरुषमा विभेद नगरेको बताए । आमाको नाम बाट पनि नागरिकता निकाल्न मिल्छ , उनले भने । कुनै पनि घटनाको उजुरी दिने हदम्याद बारे जानकारी नहुदा कतिपय पीडितले न्याय पाउन नसकेको तर्फ पनि उनले ईंगित गरे । सहकारीका संरक्षक निरज थापाले महिला सचेत र सम्मानित हुने घरमा खुसियाली छाउने र प्रगति हुने बताउदै सबैलाई शुभकामना दिए। अध्यक्ष नब राज तिवारीले राज्यको महत्वपूर्ण अंगहरुमा महिलाको पहुँच पुगेको देशमा सक्षम महिलाले स्थान पाउन गाह्रो नहुने बताए। स्यानीपाटन टोल बिकास संस्थाका अध्यक्ष दिपक कार्कीले आफ्नो टोलमा आएर टोलबासी दिदिबहिनीहरुलाई प्रशिक्षित गराएकोमा सहकारीलाई धन्यवाद दिए । महिला उपसमिति सदस्य दिलमाया केसी (थापा ) ले कविता वाचन गर्दै सहकारी बाट ऋण लिएरै भए पनि केहि व्यवसाय गरौं, आफ्नै पहिचान दिउँ भने भाव प्रकट गरिन । सुपरभाइजर विकल्प कुँवरले मासिक बचत र संरक्षित पूंजी फिर्ता कोषको महत्व बारे बताउदै संस्थागत प्रस्तुति राखिन । आठ जना नयाँ महिला सदस्यलाई स्वागत र सदस्य बनाउन पहल गर्ने सरस्वती अधिकारीलाई सम्मान गरिएको सो कार्यक्रममा बिष्णु कुमारी थापा, शुसिला थापा लगायतले बोलेका थिए।

# पोखरा आउने पर्यटकको बसाइँ लम्बाउन पहल

**पोखरापत्र संवाददाता**
म्याग्दी, २५ फागुन

अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा पर्यटन व्यवसायी महिला सङ्घ नेपाल (टेवान)द्वारा आयोजित पर्यटन प्रवर्द्धन कार्यक्रमअन्तर्गत बुधबार बेनीमा आयोजित कार्यक्रमका वक्ताले पोखरा आउने पर्यटकको बसाइँ लम्ब्याउनुपर्नेमा जोड दिएका छन् । उनीहरूले म्याग्दीका सम्भावनालाईसमेत उजागर गर्नुपर्ने बताए । एक सय १३औँ अन्तराष्ट्रिय महिला दिवसका अवसरमा पर्यटन प्रवर्द्धन कार्यक्रम लिएर पर्यटन व्यवसायी महिला संघ नेपाल( टेवान) पोखराको टोली बुधबार म्याग्दीको बेनी आइपुगेको हो । जिल्ला समन्वय समितिमा आयोजित कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वकेन्द्रीय अध्यक्ष आनन्दराज मुल्मीले विगतमा भारतदेखि आएर म्याग्दीका तामाखानीबाट तामा लगेको इतिहास स्मरण गर्दै ती साधनस्रोतको उपयोग गर्नेतर्फ ध्यान नपुगेको बताउनुभयो ।

म्याग्दीका छन्त्याल जातिले तामा उत्खननमा विज्ञता हासिल गरेको उहाँले बताउनुभयो । बहुमूल्य बनस्पतिका लागि पनि म्याग्दी प्रख्यात रहेको उल्लेख गर्दै मुल्मीले अल्लोका साथै जापानी रुपैयाँ बनाउनका लागि प्रयोग गरिने अँगेरे म्याग्दीका विभिन्न स्थानमा पाइने बताउनुभयो । समाजमा आर्थिक रुपान्तरणका लागि लाम्नु जरुरी रहेको उल्लेख गर्दै उहाँले त्यसका लागि आर्थिक क्षमता अभिवृद्धि गर्नेतर्फ उद्यमशीलता विकास गर्नुपर्नेमा जोड दिनुभयो । टेवानका अध्यक्ष कमला गिरीले धार्मिक पर्यटकीय गन्तव्यका रुपमा म्याग्दीको विकास गर्नुपर्ने बताउनुभयो । पर्यटनलगायतका क्षेत्रमा क्रियाशील महिलाको क्षमता अभिवृद्धि गर्नुपर्ने उल्लेख गर्दै उहाँले उद्यमशीलताका माध्यमबाट आर्थिक समृद्धि हासिल गर्नेतर्फ लाग्नुपर्नेमा जोड दिनुभयो । म्याग्दी तथा मुस्ताङका व्यवसायी युवा तथा महिलाको क्षमता अभिवृद्धि कार्यक्रमसहित टेवानले यस क्षेत्रमा प्रवर्द्धन कार्यक्रम गर्न लागेको उहाँले बताउनुभयो ।

पोखरा पर्यटन परिषद्का महासचिव सञ्जयकान्त सिग्देलले पोखरासँग म्याग्दीको पर्यटकीय सम्बन्ध जोड्नुपर्ने बताउनुभयो । भएका पूर्वाधारको विकाससँगै प्रवर्द्धन र पर्यटन लक्षित कार्यक्रमलाई जोड दिँदै यहाँका स्थानीयको आयआर्जन बढाउनेतर्फ लाग्नु जरुरी रहेको उहाँको भनाइ थियो । “पोखरा अन्तर्राष्ट्रिय विमानस्थल बनेकाले म्याग्दी र मुस्ताङमा उत्पादन हुने आलु, स्याउ, सुन्तला, टिमुर, अल्लोका कपडा, फापरलगायतको अन्तर्ष्ट्रिय बजारीकरण आवश्यक छ” , उहाँले भन्नुभयो । टेवानको कार्यक्रमअन्तर्गत युवा तथा महिला उद्यमीलाई लक्षित गरी जोमसोम, ठिनी, उपल्लो मुस्ताङस्थित लोमन्थाङमा क्षमता अभिवृद्धि तालिम एवं अन्तर्क्रिया गर्दै नेपाल र चीनबीचको सीमा कोरला नाकासम्मको प्रवर्द्धन गरिने कार्यक्रम संयोजक शोभा अधिकारी पौडेलले जानकारी दिनुभयो ।


## आकर्षक जग्गा बिक्रीमा

कास्की जिल्ला मिजुरेडाडा साबिक लेनपाको शिशुवासँगै जोडिएको कित्ता नं. ४५४ क्षेत्रफल ३-१-०-१ रोपनीको जग्गा बसोबास व्यापार ब्यासायका लागि उचित स्थान बजार पनि नजिकै, सडकले छोएको, बिजुली पानी टेलीफोन, ईन्टरनेटको सुबिधा समेत भएको अति आकर्षक जग्गा विशेष कारणवस बिक्रीमा छ ।

**सम्पर्क:**
**मो. ९८२४१२५१८५, ९८६०००४६२**
**९८०२८१८९४९ (सिता थापा)**


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १० सृष्टीटोल बाटो ढलान निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम: सृष्टीटोल बाटो ढलान योजना
स्थान: पोखरा-१०, सृष्टीटोल
योजना सम्झौता मिति : २०७९/१०/१६ गते
योजना सम्पन्न मिति: २०७९/१२/२८ गते
योजनाको कुल लागत : रु.६,६६,८३२।-
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.६,००,०००।-
जन सहभागितावाट : रु.६६,८३२।-
उपभोक्ता समिति अध्यक्ष: आश बहादुर गुरुङ
सचिव: फुल कुमारी थापा, कोषध्यक्ष: लोक बहादुर थापा
अनुगमान समिति संयोजक:
वडा सदस्य एवं संयोजक पूर्ण चन्द्र न्यौपाने

**सृष्टीटोल बाटो ढलान योजना**
**पोखरा-१०, सृष्टीटोल**

## Phedikhola Rural Municipality
## Office of Rural Municipal Executive
### Phedikhola, Syangja
### Gandaki Province, Nepal

## Invitation for Catalogue Shopping of Vehicle (Ambulance)

**First day of Publication: 2079/11/26**

Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja intends to procure 4WD-Ambulance as listed on the table below under the catalogue shopping procedure and custom free procedure as described on the Public Procurement Act, 2063. All eligible manufacturers or authorized dealers are invited to submit sealed proposal with their catalogue containing technical data, specifications, price and services within 10 (ten) days of first publication date of notice during office hours at Office of Rural Municipal Executive, Phedikhola, Syangja. The manufacturers or authorized dealer must submit copy of Firm Registration Certificate, Copy of Business Registration Certificate, Copy of VAT and PAN Registration Certificate, Copy of Tax Clearance Certificate for the F/Y 2078/79 and the letter of authorization along with the application. The detailed specifications can be collected from Office of Rural Municipal Executive, Phedikhola, Syangja or website www.phedikholamun.gov.np.

| Vehicle Type | General Specifications | Quantity | Remarks |
|---|---|---|---|
| Hard Top Ambulance, 4 WD Right Hand Drive Model Ambulance | • Diesel Engine with maximum rated power output not less than 45 KW<br>• Torque not less than 180 N-m<br>• Transmission: manual shift at five forward and one reverse<br>• Brakes: Front disc and rear drum type<br>• Ground clearance: minimum 180 mm<br>• Equipped with emergency equipment such as stethoscope, BP set, ECG and oxygen monitor, foldable trolly cum stretcher, siren, delivery sets, dressing sets, various intubation tubes etc. as per Technical Specifications of Ambulance. | 1 Unit | Detail specifications which are not included in this notice shall be as per approved Technical Specifications of Ambulance |